# हंसपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : १० मिति २०७९/०३/२५

भाग-१

हंसपुर नगरपालिका

## कृषि तथा सिँचाई ऐन, २०७९

आज्ञाले,

केशव कुमार अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

# हंसपुर नगरपालिका
## कृषि तथा सिँचाई ऐन, २०७९

प्रस्तावना :

संविधानको अनुसुचि ८ मा स्थानिय तहलाई दिइएको अधिकार अनुसार हंसपुर नगरपालिकाले आफ्ना नगरवासीका लागी प्रचलनमा रहेको कृषि प्रणलि लाई सक्षम, सुदृढ, सुलभ र सेवामूलक वनाउन यो ऐनको निर्माण गरेको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "हंसपुर नगरपालिका कृषि तथा सिँचाई ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

२. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "ऐन" भन्नाले हंसपुर नगरपालिकामा रहेका सम्पूर्ण कृषि क्षेत्रमा सम्वद्ध व्यक्ति तथा संस्थाको उचित प्रतिस्थापनका लागी निर्माण गरीएको हँसपुर नगरपालिका कृषि तथा सिँचाई ऐन, २०७९ सम्झनुपर्छ ।

(ख) "नगरपालिका" भन्नाले हंसपुर नगरपालिकालाई सम्झनुपर्छ ।

(ग) "विभाग" भन्नाले नगरपालिकाको कृषि तथा सिँचाई विभागलाई सम्झनुपर्छ ।

(घ) "स्थानीय कानुन" भन्नाले हंसपुर नगरपालिकावाट जारी भएका कानुनलाई सम्झनुपर्छ ।

(ङ) "संस्था" भन्नाले नगरपालिकामा कृषि तथा सिँचाई क्षेत्रमा टेवा प्रदान गर्दै आएका सम्पूर्ण संस्थालाई सम्झनुपर्छ ।

३. कार्यविवरण र कार्यसम्पादनः

(क) कृषि तथा सिँचाई सम्वन्धि कार्यक्रमहरुको योजना तर्जुमा गरी नगरपालिकाको अधिकांश वासिन्दाको मुख्य पेशा रहेको कृषि पेशाको उत्थान गर्नमा पहल गर्नु पर्नेछ ।



CamScanner

(ख) कृषि तथा सिँचाईसँग सम्वन्धित प्राथमिकताका सम्पूर्ण सामग्रीहरु सम्वन्धित संस्थाहरुले समयमा नै व्यवस्थापन गर्न नगरपालिकाका सँग विभागिय समन्वय गर्नु पर्नेछ ।

(ग) प्रधानमन्त्री कृषि कार्यक्रम अन्तर्गतका लक्ष्यको परिपूर्तिका लागि सरकार र जनता विचको समन्वयकर्ताको भुमिका खेलि कृषिका समस्या तथा समाधानको आदानप्रदान कार्य सम्पन्न गर्ने ।

३. कृषि तथा सिँचाईको विशिष्टिकरण :

(क) प्रधानमन्त्री कृषि आधुनिकिरण परियोजना अन्तर्गत विशिष्ट कार्यक्रमहरुको माग गरी सो कार्यक्रमको जनसहभागिता मूलक सञ्चालन गर्नु पर्नेछ ।

(ख) खेति तथा भण्डारणका शिपमूलक तालिमहरु सञ्चालन गरी अन्न अभाव सिर्जना हुन नदिन सम्वन्धित संस्थाहरु सक्रिय रुपमा लागी पर्नु पर्नेछ ।

(ग) उन्नत जातको विउविजन वितरणका लागी हरेक वडाले नगरपालिका सँग समन्वय गर्नु पर्नेछ ।

(च) वस्तुभाउको उचित व्यवस्थापनका लागी आवश्यक पर्ने खोप, उन्नत दाना, सुधारीएको गोठ जस्ता अवधारणाको विकास गर्दै जनतालाई कृषिमा सवल वनाउने कार्य सम्पादन गर्नु पर्नेछ ।

(छ) कृषि विमाका कार्यक्रमहरुको उपलब्धता गराई कृषिमा आवद्ध व्यक्तिहरुको कृषि क्षेत्रमा लगाव कायम गराउनु पर्नेछ ।

(ज) कृषि सम्वन्धी कुनै नयाँ र उन्नत अवधारण हुने व्यक्ति वा संस्थाले प्रस्तावना वनाई पेश गरी नगरपालिकाका मार्फत सो कार्यक्रमको सञ्चालनका लागी पहल गर्न सक्नेछ ।

(झ) सिँचाईको पर्याप्तताका लागी आवश्यक पर्ने पूर्वाधारहरुको व्यवस्था गरी सो पूर्वाधारको भरपूर्ण उपयोग गर्ने ।

(ञ) जनता समक्ष सिँचाईको पर्याप्त पहुँचका लागी नहर तथा कुलोको निर्माण तथा व्यवस्थापन गर्ने ।

३. विभागको कर्तव्य र अधिकार:

(क) कृषि सँग सम्वन्धित कुनै पनि किसिमका प्रकोपहरु वाट कृषि क्षेत्रमा पर्न सक्ने क्षतिलाई न्युनिकरण गराउने ।



CamScanner

(ख) कृषि अनुदान कार्यक्रमको तर्जुमा गरी कृषि क्षेत्रमा अनुदानको सहजताको माहोल सिर्जना गराउने ।

(ग) परम्परागत कृषि प्रणालीमा यथाशिघ्र सुधार गराई आधुनिक कृषि प्रणाली मार्फत जनजीवन सुधारको मार्गमा नगरलाई क्रियाशिल गराउने ।

(घ) उपयुक्त सिँचाई प्रणालीको व्यवस्था गरी कृषिमा उच्चतम प्रतिफलको सुनिश्चितता कायम गर्ने ।

(ङ) यस ऐनको उद्देश्य प्राप्तिका लागी अन्य आवश्यक कार्य गर्ने गराउने ।

४. उपसमिति गठन गर्न सक्ने:

नगरपालिकाले कृषि तथा सिँचाई सम्बन्धि कुनै पनि काम गर्न तथा गराउन आवश्यकता अनुसार सम्बन्धित विशेषज्ञ व्यक्तिहरु समेत रहेको उपसमितिहरु गठन गर्न सक्नेछ ।

५. निर्देशन दिन सक्ने:

हंसपुर नगरपालिकाको कार्यालयले यस ऐनको कार्यान्वयन गर्ने सम्बन्धमा विभागलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

६. ऐन बमोजिम हुने:

यस ऐनमा लेखिए बमोजिमका कुरा लेखे अनुरुप हुने साथै यस ऐनमा उल्लेख नभएका कुरा नगर प्रमुखको निर्णय बमोजिम हुनेछ ।

७. नियम बनाउने अधिकार:

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न तथा गराउन नियम बनाउने अधिकार नगरपालिकाको कार्यालय अन्तर्गत नगर प्रमुखमा रहनेछ ।



CamScanner